आज मिति २०७४ साल फाल्गुन २७ गते यस नेपालगंज उप-महानगरपालिकाका प्रमुख डा. श्री धवल शम्शेर राणाज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बसी नगर कार्यपालिका पदाधिकारीज्यूहरुको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## बैठकको निर्णयहरु

१. नगरक्षेत्र भित्र सडक मापदण्ड तोक्ने सम्बन्धमा केन्द्रिय स्तरका योजनाहरुको केन्द्रबाट तोकिए बमोजिमको मापदण्ड लागु गर्ने र वडास्तरका सडक योजना सम्बन्धमा सम्बन्धित वडा समितिको सिफारिसको आधारमा नगरकार्यपालिकाको वैठकवाट निर्णय गर्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. नेपालगंज उपमहानगरपालिका वडा नं. १८को वर्दिया वाइपास सडकको मापदण्ड सम्वन्धमा वस्ती क्षेत्रमा १४ मिटर र वस्ती वाहिरी क्षेत्रमा १६ मिटर मापदण्ड कायम गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

३. नेपालगंज उपमहानगरपालिकाको रेखाङ्कीत रिङरोडको धेरै जसो भाग नहरको Alingment मा रहेको र हाल उक्त स्थानमा रिङ्गरोडको लागि मापदण्ड अपुग हुने अवस्था रहेको र मुआब्जा समेत दिन असम्भव हुने भएकोले उक्त Alingment को सम्पूर्ण भागमा Land Pooling गरी दायां वायां शहरीकरणलाई अगाडी बढाउन शहरी विकास तथा भवन निर्माण विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

४. नेपाल वारको राष्ट्रिय सम्मेलन यस नेपालगंज नगरीमा हुन गैरहेकोमा उक्त सम्मेलनको लागि रु. ३,००,०००।- (तिन लाख) सहयोग गर्ने र लायन्स क्लवको कन्भेनसनको कार्यक्रम वमोजीम आयोजना हुने नगर परिक्रमामा अतिथि/सहभागीहरुलाई नेपालगंज उपमहानगरपालिकाको तर्फबाट वढीमा रु. ३०,०००।- (तिस हजार) वरावरको मिठाई सहित स्वागत गर्ने निर्णय गरियो ।

५. प्रदेश सरकारवाट यस उपमहानगरपालिकाका प्रमुख, उप प्रमुख र वडा अध्यक्षहरुको पारिश्रमिक तोकेकामा स्वागत गर्दै कार्यपालिकाका अन्य सदस्य र वडा सदस्यहरुको पारिश्रमिक तोक्ने सम्बन्धमा व्यक्त गुनासोलाई यथाशिघ्र सम्वोधन गर्नको लागि प्रदेश सरकार समक्ष जोडदार माग र्ने निर्णय गरियो ।

६. नेपालगंज उपमहानगरपालिका वडा नं. २३ स्थित ल्याण्डफिल्ड साईटको क्षेत्र विस्तार हुन सक्ने वातावरण सन्तुलन काय राख्न समेत ल्याण्डफिल्ड साईट निर्माण स्थलको ५०० मिटर वरीपरि कुनै पनि निर्माण कार्य गर्न नदिने निर्णय गरियो ।

७. नेपालगंज उपमहानगरपालिकामा कार्यरत कानुनि सल्लाहकारलाई पूर्ण रुपमा कार्याललाई समय उपलब्ध गराउने गरि सचेत गराउने र प्रेस सल्लाहकारको सम्बन्धमा उपमहानगरपालिका र सवै वडाहरुलाई समेटी समाचार संकलन गरि समाचार सम्प्रेशन गर्ने र सो वमोजिम कार्य सन्तोषजनक नभएमा तत्काल वोर्ड वैठकले हटाउन सक्ने निर्णय गरियो साथै निज सल्लाहकारहरुलाई प्रत्येक वर्ष म्याद थप गर्ने निर्णय गरियो ।

८. यस उपमहानगरपालिकामा गठित न्यायिक समितिलाई न्याय सम्पादन गर्न सहयोग, आवश्यक सल्लाह सुझावको लागि एक जना नयां कानुनी सल्लाहकार नियूक्त गर्ने र उक्त पदमा २ जना अधिवक्ता लोकवहादुर शाह र अधिवक्ता ध्रुव वस्यालको नाम प्रस्ताव भएकोमा अधिवक्ता श्री लोकवहादुर शाहलाई कानुनी सल्लाहकारमा नियूक्त गर्ने र प्रेस सल्लाहकार र कानुनी सल्लाहकारको पारिश्रमिक तोक्ने सम्वन्धमा प्रेस सल्लाहकार र कानुनी सल्लाहकारलाई मासिक रु. १०,०००।- (दश हजार) र प्रेस सल्लाहकारलाई यातायात र संचालन वापत मासिक थप रु. ५०००।- (पांच हजार) दिने निर्णय गरियो ।

९. नेपालगंज उपमहानगरपालिकाको जेष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका २०७४ स्वीकृत गरी नेपाली र अंग्रेजी दुवै भाषामा लेखिएको परिचयपत्र उपमहानगरपालिकाले छपाई गरि वडा कार्यालयवाट वितरण गर्ने साथै सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सरलिकृत रुपमा सम्वन्धित वडा कार्यालयमै गएर वितरण गर्न सवै सरोकारवाला बैंकहरुसंग अनुरोध गर्ने निर्णय गरियो ।

१०. नेपालगंज उपमहानगरपालिकाको चालु आ.व.का स्वीकृत कार्यक्रम तथा वजेट कुनै कारणवस कार्यान्वयन हुन नसक्ने अवस्थामा नगर सभावाट अनुमोदन हुने गरी रकमान्तर गर्ने निर्णय गरियो । साथै वडा स्तरीय योजना सम्वन्धमा वडा समितिको सिफारिसमा नगरसभावाट अनुमोदन हुने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

आज मिति २०७४ साल फाल्गुन २८गते यस नेपालगंज उप-महानगरपालिकाका प्रमुख डा. श्री धवल शम्शेर राणाज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बसी नगर कार्यपालिका पदाधिकारीज्यूहरुको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## बैठकको निर्णयहरु

१. चालु आ.व.मा खेलकुद कार्याक्रम संचालनका लागि विनियोजन भएको बजेट शिर्षकवाट खर्च हुने गरी वडा कार्यालयवाट खेलकुद कार्यक्रम संचालन गर्ने गरी रु. १,००,०००।- (एक लाख) का दरले २३ वटै वडा कार्यालयमा रु. २३,००,०००।- (तेईस लाखा) वजेट विनियोजन गर्ने निर्णय । साथै खेलकुदको लागि नपुग हुने वजेट अन्य शिर्षकवाट रकमान्तर गरी वजेट व्यवस्थापन गर्ने निर्णय गरियो । साथै सामाजिक विकास समिति र खेलकुद कार्यदलवाट भएको निर्णय अनुमोदन गरियो ।

२. यस उपमहानगरपालिका वडा नं. ९ नयां वस्तीटोलमा गठन भएको पशुपती टोल सुधार समिति र पशुपति टोल नयां वस्ती उपभोक्ता समितिले हिरा घर्तीको घर देखी नरायण खरेलको घर सम्मको वाटो पि.सी.सी. र एकार्तको नाली निर्माण कार्य संचालन गर्दा ADB को सहयोगमा एकिकृत शहरी विकास आयोजनाका लागि चाहिने म्याचिङ्ग वडाबाट व्यहोर्ने गरी प्रस्ताव स्वीकृत भएकोमा प्रथम नगरसभा सम्पन्न हुन भएको ढिलाई र तत्कालै एकिकृत शहरी विकास आयोजनाका योजनाहरु सम्झौता गरी कार्य गर्नुपर्ने भई उपभोक्ताका योजना समितिले सरसापट गरी पछि वडाको वजेटबाट प्राप्त गरी सापट रकम फिर्ता गर्ने विषय वडा समितिलाई पनि जानकारी भएको वडा समितिवाट पनि सिफारिस भई आयको हुंदा वडा समितिको सिफारिस लगायतका विषय सत्य सांचो देखिएकोले वडा समितिको सिफारिस अनुसार नै वडा स्तरीय योजनाको म्याचिङ्ग शिर्षकवाट उक्त रकम फिर्ता दिने निर्णय गरियो ।

हरि प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत